# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## शे फोक्सुण्डो गाउँपालिका

डोल्पा






महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## शे फोक्सुण्डो गाउँपालिका

### डोल्पा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## शे फोक्सुण्डो गाउँपालिका

डोल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय ....

पत्र संख्याः २०७९।८०
च.नं. १०७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
शे फोक्सुण्डो गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
डोल्पा ।

**कैफियत सहितको राय**

हामीले शे फोक्सुण्डो गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.८२ लाख ७१ हजार बेरुजू देखिएको छ । सोमध्ये त्यँहाबाट प्रतिक्रिया उपलब्ध भई रु.३० लाख ४१ हजार हटाई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१२ लाख ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ लाख २८ हजार, नियमित गर्नुपर्ने रु.१२ लाख ६० हजार र पेश्की रू.२५ लाख ७ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.२ करोड ३५ लाख २९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१ करोड १० लाख ७८ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( )

नायब महालेखापरीक्षक

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५३ | २६ | ८२७१ | ० | ११ | ३०४१ | ५३ | १५ | ५२३१ | १२३७ | १२६० | २२८ | ० | ० | १४८७ | २५०७ |

### १.२ प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्विकृत विवरण

| **क्र.सं** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| १ | ५५ | अति विपन्न परिवारको शैचालय निर्माण प्रमाण पेश | २३० |
| २ | ५८ | वल्डलिङ्क कम्युनिकेशन लिको सक्कल प्रमाण पेश भएको | ४५ |
| ३ | ६४ | नाम्खा झोलुङ्गे पुल निर्माण उपभोक्ता समीतिको पेश्की फस्र्यौट प्रमाण पेश | १२०० |
| ४ | ५८ | वल्डलिङ्क कम्युनिकेशन लिको सक्कल प्रमाण पेश | ३१ |
| ५ | ५२ | सम्लीङ्ग महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड को प्रमाण पेश | ७५० |
| ६ | ६१ | क्याराभान कन्ट्रक्सन,ठुलोभेरी न.पा.३ डोल्पाको असुल दाखिला प्रमाण पेश | १४ |
| ७ | ६२ | क्याराभान बुद्ध हिमाली जे.भी. काठमाडौको प्रमाण पेश | १० |
| ८ | ४६ | उपाध्यक्ष धावा सन्दुक गुरुङ्गको असुल दाखिला प्रमाण पेश | २८९ |
| ९ | ५९ | शेल्लरी डुग्ड्रा कन्स्ट्रक्सनको बैक ग्यारेन्टीको प्रमाण पेश | १६७ |
| १० | ४६ | अध्यक्ष टसी तुण्डुप गुरुङ्ग को असुल दाखिला प्रमाण पेश | ३०० |
| ११ | ६६ | ख्योङ्ग देखि च्यालापास घोरेटो बाटो निर्माण उपभोक्ता समिति को असुल दाखिला प्रमाण पेश | ५ |
| | | **जम्मा** | **३०४१** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शे फोक्सुण्डो गाउँपालिका डोल्पा | २३५२९ | ० | १७६८२ | ५८४७ | ० | ५२३१ | ११०७८ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : शे फोक्सुण्डो गाउँपालिका, डोल्पा , शे फोक्सुन्डो गाउँपालिका , डोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | केशवराज शर्मा | २०७८-९-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | तुलाचन्द्र बुढा | २०७८-१-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५,२३०,५९९.५८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,७७,५२,२२०.४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १८,६४,२५,७१७.८१ | **चालु खर्च** | १४,७०,८६,४४०.४१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,७३,३५,५९२.७ | **पूँजीगत खर्च** | १६,३५,६७,७०९.४४ |
| **राजश्व बाँडफाँट** | ३,६९,७२,५७४.८१ | **वित्तीय/अन्य व्यवस्था** | ५,११,२२,६१२ |
| **आन्तरिक आय** | १०,५०,४०१.४ | | |
| **अन्य आय** | ५,६९,३३,८२१.६७ | | |
| **कुल आय** | ३०,८७,१८,१०८.३९ | **कुल खर्च** | ३६,१७,७६,७६१.८५ |
| **बाँकी मौज्दात** | | २,४६,९३,५६६.९४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस छायाँनाथ रारा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु छायाँनाथ रारा नगरपालिकाको उद्देश्य रहेको छ । यस छायाँनाथ रारा नगरपालिका अन्तर्गत १४ वडा, ७२ सभा सदस्य, ४८०।६७वर्ग किलोमिटर क्षेत्रफल तथा २० हजार ७८ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।०५।१७ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br>**लेखापरिक्षणको क्रममा असुली :**५४६१७१३।०० | |
| २ | | | **स्थानीय संचित कोष :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान | |

तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ७७७५२२२०.४० | १ | चालु खर्च | १४७०८६४४०.४१ | १४७०८६४४०.४१ |
| | क) धरौटि मौज्दात | ६५७०३७४.०० | | २ | पूँजीगत खर्च | १६३५६७७०९.४४ | १६३५६७७०९.४४ |
| | ख) बैंक | ७११८१८४६.४० | | ३ | वित्तिय व्यवस्था भुक्तानी | ४६१६७७६७.०० | ४६१६७७६७.०० |
| २ | राजस्व ( आन्तरिक आय) | | ३८३६२३७६.२१ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १०५०४०१.४० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ३६९७२५७४.८१ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | ३३९४००.०० | | ४ | लगानी | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | वित्तिय हस्तान्तरण संघ | | १८६४२५७१७.८१ | | ऋण लगानी | | | |
| | क) वित्तिय समानीकरण अनुदान | ७०४०००००.०० | | | शेयर लगानी | | | |
| | ख) सशर्त अनुदान | ९४९०५२१७.८१ | | | अन्य लगानी | | | |
| | ग) समपूरक अनुदान | ११६७१५००.०० | | ५ | धरौटी फिर्ता | ४९५४८४५.०० | ४९५४८४५.०० | |
| | घ) विशेष अनुदान | ९४४९०००.०० | | ६ | जनश्रमदान फिर्ता | | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २७३३५५९२.७० | ७ | कोष फिर्ता | | | |
| | क) वित्तिय समानीकरण अनुदान | ४२०४०००.०० | | ८ | मौज्दात | | | |
| | ख) सशर्त अनुदान | १५२०१०००.०० | | | क) बैंक मौज्दात | १६६९८८५२.८७ | १६६९८८५२.८७ | |
| | ग) समपुरक | ४९९२२४५.०० | | | ख) नगद | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | मौज्दात | | | |
| | घ) विशेष अनुदान | २९३८३४७.७० | | ९ | शसर्त अनुदान फिर्ता | | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | १० | गत बर्षको बढी अल्या | | | |
| ६ | विभिन्न कोषतर्फको आय | | ५११६०५०३८.०० | ११ | जनश्रमदान मौज्दात | | | |
| | क) मख्यमन्त्रि रोगजार | १६०९८९८०.०० | | १२ | धरौट मौज्दात | ६६०४९१२.६७ | ६६०४९१२.६७ | |
| | ख) सामाजिक सुरक्षा | २६५०६०५८.०० | | १३ | विविध खाताको मौज्दात | ३३९४००.०० | ३३९४००.०० | |
| | ग) प्रशासकिय भवन | ९००००००.०० | | १४ | आन्तरिक राजश्व खाता | १०५०४०१.४० | १०५०४०१.४० | |
| ७ | अन्य | | | | | | | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>८</td><td>जनसहभागिता (नगद)</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td>विषयगत निकायबाट प्राप्त</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td>धरौटी आय</td><td>४९८९३८३.६७</td><td>४९८९३८३.६७</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td>लगानीको साँवा फिर्ता</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३८६४७०३२८.७९</td><td></td><td>जम्मा</td><td></td><td>३८६४७०३२८.७९</td><td></td></tr>
</table>
नोट सामाजिक सुरक्षा रकम फिर्ता गर्न वाकि रु ५४३७२७१।०० लेखापरीक्षणको समयमा दाखिला गरेको छ ।
</td>
<td></td>
</tr>
<tr>
<td>३</td>
<td></td>
<td></td>
<td>
बैक हिसाब मिलान नगरेको –<br><br>
स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।
</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>खाताको नाम</td><td>श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी</td><td>बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी</td></tr>
<tr><td></td><td>सञ्चित कोष</td><td>१११६३०८१.८७</td><td>१६६९८८५२.८७</td></tr>
<tr><td></td><td>चालु खाता</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>पूँजीगत खाता</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>मर्मत खाता</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>कल्याण कोष खाता</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>प्रकोप व्य कोष खाता</td><td>0</td><td>0</td></tr>
</table>
नोटः श्रेस्ता र बैक अनुसार फरक रकम रु ५५३५७७१।०० मा चेक नसाटिएको रकम रु ९८५००।०० र सामाजिक सुरक्षाकोष फिर्ता गर्नु पर्ने रकम रु ५४३७२७१।००
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको –<br><br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ४८६२९२४६।५३ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ७७७५२२२०।४० जिम्मेवारी सारेको देखियो । यस सम्बन्धमा यकिन गर्दा गत वर्षको भन्दा रु २९१२२९७३।९ वढी जिम्मेवारी सारेको रकम पालिकाले यकिन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो, • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ,<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ,<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका | |

| | | | | |
|---|---|---|---|---|
| | | | उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छैन ,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्ने अनुगमन संयन्त्र तय गरेको पाईएन<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट पेश, पारित र अख्तियारी -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री ढावा सन्दुक गुरुङ्गले मिति २०७८।०३।१० गते रु ३७ करोड १२ लाख ३७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।१० मा पारित भएको छ ।स्थानीय तहका प्रमुखले २०७७।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएकोले नियममा भएको व्यवस्थाको पालना गरेको पाईएन । | |
| ७ | | | **बजेट सीमा निर्धारण समिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नुपर्नेमा सो गरेको पाइएन । | |
| १० | | | **चौमासिक प्रगति विवरणः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम | |

चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | १६३५६७७०९.४४ | १३२१५४४९ | ४०३००८९२.४६ | ११००५१३६७.९८ | ८९६५४३४७.९८ |
| प्रतिशत | १०० | ८.०८ | २४.६४ | ६७.२८ | ५४.८१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू. १६३५६७७०९.४४ निकासा भएकोमा प्रथम चौमासिकमा रु. १३२१५४४९ अर्थात ८.०८ प्रतिशत, दोश्रो चौमासिकमा रु. ४०३००८९२ अर्थात २४.६४ प्रतिशत र तेश्रो चौमासिकमा रु. ११००५१३६७.९८, अर्थात ६७.२८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ८९६५४३४७.९८ अर्थात ५४.८१ प्रतिशत खर्च देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

११ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३९ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म १० मात्र पदपूर्ति भएको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले कूल कर्मचारी दरबन्दी सिर्जना गरी उक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १२ | | | **कर्मचारी करार** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १४ जना कर्मचारीहरु करारमा राखि रु. ४९६८००० खर्च लेखेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु उचित देखिएन । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति हुने कार्य हुनुपर्दछ । | |
| १३ | | | **भ्रमण खर्च :**<br><br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,<br>त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| १४ | | | **सूचना प्रविधी पद्दतिः**<br><br>सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा निम्नानुसार देखिएकोः<br>:- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको<br>:- सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको<br>:- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको | |
| १५ | | | **मर्मत अभिलेख खाता :**<br><br>सवारी साधन मर्मत गरेपछि फेरिएका सामान सहितको कूल खर्च देखिने गरी तोकिएको म ले प फाराम अनुसारको गत विगतदेखिको मर्मत खर्च देखिने गरी सवारी साधन मर्मत खाता अद्यावधिक गरी आन्तरिक नियन्त्रण चुस्त दुरुस्त हुनु पर्ने देखियो । | |
| १६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७ | | | **कानून र सञ्चालन स्थिति –** | |

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ ऐन, १६ नियमावली १२ कार्यविधि लगायत ४५ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ४५ कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरेको छ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>खाना तथा विविध खर्च –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ११६६१४८ खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>अनुदान फिर्ता –<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम रु. १६५४५१८६।४९ फिर्ता गरेको छ ।<br><br>
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>११०६४३०००</td><td>९४९०५२१७।८१</td><td>१५७३७७८२।१९</td><td></td></tr>
<tr><td></td><td>विषेश</td><td>९४४९०००</td><td>९४४९०००</td><td>०</td><td></td></tr>
<tr><td></td><td>समपुरक</td><td>११६७१५००</td><td>११६७१५००</td><td>०</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| प्रदेश सरकार | शसर्त | १५४०५००० | १५२०१००० | २०४००० | |
| | विषेश | ३४९८३०१ | २९३८३४७।७० | ५५९९५३।३० | |
| | समपुरक | ५०३५६९६ | ४९९२२४५ | ४३४५१ | |
| | अन्य | | | | |

२०

**डी पी आर खर्च** –

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| डिपिआर | त्रिपुरा इन्जिनियरिङ | ४०००००० | ९९८९२० |
| डिपिआर | जेनेक्स इन्जिनियरिङ् | ४०००००० | ४९८९९९।९९ |
| डिपिआर | रोयल इन्जिनियरिङ् | ४०००००० | ९९६१९९।९९ |

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>लक्ष्य प्रगति :<br><br>कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।<br><br>
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>६७</td><td>०</td><td>१</td><td>४</td><td>६२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>ठेक्का व्यबस्थापनः<br><br>सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ ।पालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)</td><td></td></tr>
</table>

| कुल निर्माण खर्च | सोझै खरिद | | सिलबन्दी दरभाउपत्र | | बोलपत्र | | तेश्रो चौमासिकमा व्यवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १३८७८२ | ५७ | ६४१७६ | ३ | ९४० | ७ | ७३६६६ | ५ | ३५००० |

२३

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ३५९७७००० | ३०२९९८१० | ८४।२२ |
| २ | पूर्वाधार विकास | ११११६६००० | ८१७४१४०४।३० | ७३।५३ |
| ३ | सामाजिक विकास | १२४८९३२०० | ११२४३४०८९।७४ | ९०।०२ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ८९९१८०० | ८७६२४५० | ९७।४५ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९०२०८८४६।४० | ७७५१२४१०।८१ | ८५।९३ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा बढी

| | | | | |
|---|---|---|---|---|
| | | | ९७.४५ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ८५.९३ प्रतिशत रहेको छ । | |
| २४ | | | **गत बर्षको दायित्वः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७६।७७ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. १६२८१८६८/- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखियो ।तर गत विगत वर्षको जिम्मेवारी रु ७७७५२२२० सारेवाट वजेट नपुग भएको देखिएन । सम्झौता बमोजिम समयमा काम नभएको यो योजनाको लागि यस प्रकारको व्यवस्था गरेको होइन भनी आश्वस्त हुन सकिएन ।अतः बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । | |
| २५ | | | **वित्तिय विवरण:**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २६ | | | **चौमासिक पूँजीगत खर्चः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | १६३५६७७०९.४४ | १३२१५४४९ | ४०३००८९२.४६ | ११००५१३६७.९८ | ८९६५४३४७.९८ |
| प्रतिशत | १०० | ८.०८ | २४.६४ | ६७.२८ | ५४.८१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू. १६३५६७७०९.४४ निकासा भएकोमा प्रथम चौमासिकमा रु. १३२१५४४९ अर्थात ८.०८ प्रतिशत, दोश्रो चौमासिकमा रु. ४०३००८९२ अर्थात २४.६४ प्रतिशत र तेश्रो चौमासिकमा रु. ११००५१३६७.९८, अर्थात ६७.२८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ८९६५४३४७.९८ अर्थात ५४.८१ प्रतिशत खर्च देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

२७

**योजना छनौट र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना 2077/78 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-50 लाख सम्म | 50 लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३ | १७ | १३ | २८ | ५ | ६७ |

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि २ करोड ३५ लाख हजार सम्मका जम्मा ६७ वटा योजना संचालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र १ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धैरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| २८ | | | **परामर्श सेवा** –<br><br>सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ४९३८१० खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।प्राप्त प्रतिवेदनको अभिलेखांकन गरी प्रतिवेदन बमोजिम बजेट विनियोजन गरी कार्य गराई परामर्श सेवाको खर्चको सदुपयोगको आश्वस्तता समेत हुनुपर्दछ । | |
| २९ | | | **सार्वजनिक परीक्षण -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ३० | | | **सवारीसाधन खरिद** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल | |

| | | | | |
|---|---|---|---|---|
| | | | सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु ५९२६३० बजेटबाट खर्च गरेको छ । | |
| ३१ | | | **स्थानीय तहका पदाधिकारी सुविधा :**<br><br>नेपालको संविधानको धारा २२७ मा नगर सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस वर्ष रु. ३०१२००० सुविधा वापत भुक्तानी भएको छ । | |
| ३२ | | | **गुणस्तर परीक्षण -**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ३३ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ ।पालिकाले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु ३०५०००० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा नराखि रु ३०५०००० खर्च गरेको छ ।खर्च मध्ये रु ९ लाख ज्याला, २ लाख मर्मत, ६ लाख मसलन्द र अन्यमा १३ लाख ५० हजार खर्च भएको छ । | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६३५६७७०९.४४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३५ | | | **सेवाप्रवाहको स्थिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० | ० |
| पञ्जिकरणतर्फ | ० | ० |
| जन्मदर्ता | ८० | ८० |
| मृत्युदर्ता | २३ | २३ |
| बसाईसराई दर्ता | ० | ० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>विवाह दर्ता</td><td>२०</td><td>२०</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।
</td>
<td></td>
</tr>
<tr>
<td>३६</td>
<td></td>
<td></td>
<td>
खर्च बिश्लेषणः<br><br>
पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. १०५०४०१.४० राजस्व बाँडफाँडबाट रु ३६९७२५७४.८१ र अनुदानबाट रु २१३७६१३१०.५१ समेत रु २५१७८४२८६.७२ आम्दानी भएकोमा चालु तर्फ रु. १४७०८६४४०.४१ र पूँजिगत तर्फ रु. १६३५६७७०९.४४ रु ३१०६५४१४९.८५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ३०१२००० खर्च भएको छ जुन आन्तरिक आयको २८६.७४ प्रतिशत खर्च रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट प्रतिशत चालु ५८.६६ र ६५.२३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको
</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ३७ | | | **खरिद कारवाही अभिलेख:**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२)बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ।कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ।अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ। | |
| ३८ | | | **अधुरो आयोजनाः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. २४०३०८०० का ३ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><th>क्र.सं.</th><th>निर्माण कार्य</th><th>निर्माण व्यवसायी</th><th>संझौता मिति</th><th>सम्पन्न गर्नुपर्ने मिति</th><th>यो वर्ष सम्मको खर्च</th><th>भौतिक प्रगति</th></tr>
<tr><td>१</td><td>गाउँपालिका प्रशासकीय भवन</td><td>क्याराभान बुद्ध हिमाली जेभी</td><td>२०७८।०३।२१</td><td>२०८०।०३।२१</td><td>२२५७५०००</td><td>२०।५२</td></tr>
<tr><td>२</td><td>वडा न १ स्वास्थ्य चौकी</td><td></td><td></td><td></td><td>२९००००</td><td></td></tr>
<tr><td>३</td><td>यान्जेर गुम्बा आ वि भवन निर्माण</td><td>वनवल्ड कन्स्ट्रक्सन</td><td></td><td></td><td>११६५८००</td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३९</td>
<td></td>
<td></td>
<td>
प्राविधिक बिल र कार्य सम्पन्नः<br><br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।
</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td>४०</td><td></td><td></td><td>वडा सचिवः<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br><table><tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त संख्या</td></tr><tr><td>९</td><td>९</td><td>४</td><td>५</td></tr></table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>राजश्व दाखिला :<br><br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत ६ वटा वडाबाट पालिकाले प्राप्त गरेको रु. १०५०४०१.४ राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>राजश्व अभिलेख :<br><br>नियमानुसार राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति रसिद छन एकिन गर्न सकिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ । सो अनुसार नगर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । कार्यालयले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व कार्यालयले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नियमानुसार समयमा दाखिला गर्न कार्यालयले व्यवस्था मिलाउनु पर्दछ । | |
| ४३ | | | **आयको अनुमानः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ घरजग्गा बहाल कर वापत अनुमानित रु. २ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु ८६ हजार ४०० अर्थात अनुमान भन्दा ५६.८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने र राजश्वको अनुमान गर्दा यथार्थता तर्फ ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४४ | | | **पदाधिकारी अन्य सुविधा**<br><br>गाउँ पालिकाले वडा स्तरीय आयोजना छनौट गरी कार्यान्वयन गर्दा कतिपय आयोजना वितरणमुखी र अनुत्पादक क्षेत्रमा | |

<table>
<tr><td></td><td></td><td></td><td>छनौट गरी कार्यान्वयन गरिएको छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.१४७५०००।०० खर्च गरेको देखिन्छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी रोजगारी सिर्जना हुने क्षेत्रमा खर्च गर्नेतर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।<br>
<table>
<tr><th>सि न</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>वडा अध्यक्ष संग लक्षित कार्यक्रम</td><td>ज्याकेट खरिद ढुवानी वितरण</td><td>५०००००।००</td></tr>
<tr><td>२</td><td>विपद् व्यवस्थापन कार्यक्रम</td><td>मैदा वितरण कार्यक्रम</td><td>९७५०००।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१४७५०००।००</td></tr>
</table>
यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td>१८६</td><td>२०७९-३-२५</td><td>बिल भरपाई वेगर भुक्तानीः<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले कृष्ण केशर शर्माको कर्मचारी क्षमता विकास कार्यक्रम वापत रु.३०००००।०० को पेश्की फस्र्यौट गरेकोमा लेखापरिक्षणको अवधि सम्म बिल भरपाई प्रमाण पेश गरेको नदेखिएकलो सम्बन्धित व्यक्ति बाट उक्त रकम असुल दाखिला गर्नुपर्ने रु.</td><td>३००,०००</td></tr>
<tr><td>४६</td><td>१०८</td><td>२०७९-१-५</td><td>पदाधिकारी अन्य सुविधा<br>✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.५८८०००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
</table>

<table>
<tr><td>४७</td><td></td><td></td><td>कर छुट<br><br>आयकर ऐन, 2058 को दफा 8७ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।यस पालिकामा कार्यरत कर्मचारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी गर्न छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.<br><br><table>
<tr><td>कर्मचारीको नाम</td><td>बार्षिक आय</td><td>कट्टा गरेको रकम</td><td>कर योग्य आय</td><td>कट्टी गरेको</td><td>पारिश्रमिक कर</td></tr>
<tr><td>सुरेन्द्र बस्नेत</td><td>९०००००।००</td><td>५२००००।००</td><td>३८००००।००</td><td>०।००</td><td>७००००।००</td></tr>
</table></td><td>७०,०००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>संचार खर्चः<br><br>गाउँसभाको निर्णय नं २३ मा सञ्चार सुविधाको लागि पदाधिकारीको हकमा प्रदेश कानुन अनुसार नै हुने र कर्मचारीतर्फ प्रमुख प्रशासकीय अधिकृतलाई मासिक ३०००।०० योजना शाखा प्रमुखलाई मासिक रु १५००।००, प्राविधिक प्रमुख सहितको टिमलाई मासिक रु २०००।०० ,लेखापाल तथा लेखा शाखाको टिमलाई मासिक रु २०००।०० ,स्वास्थ्य, कृषि, पशुसेवा तथा शिक्षा शाखा प्रमुखहरुलाई रु ५००।०० र वडा सचिवलाई मासिक रु ७००।०० का दरले संचार सुविधा उपलब्ध गराउने निर्णय गरी वार्षिक रु १२४८४५५।०० (पदाधिकारी सहितको) रकम खर्च गरेको छ । न्यून आन्तरिक आय रु १०५०४०१।०० भएको अवस्थामा थप सुविधा प्रदान गर्दा थप आर्थिक व्ययभार बढ्न जाने देखिन्छ । थप आन्तरिक आयका श्रोतहरु श्रृजना पश्चात मात्र कर्मचारी तथा पदाधिकारीलाई थप सुविधा दिदा सान्दर्भिक देखिन्छ ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>करार कर्मचारीलाई भत्ताः<br><br>सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शिर्षकबाट तलव भत्ता खाने गरी देहायका पदमा करार कर्मचारी भर्ना गरि भत्ता भुक्तानी भएको देखिन्छ । यसरी नियम</td><td>८६६,५२०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | विपरित भत्ता भुक्तानी दिएको रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु. | |
| ५० | | | **शिर्षक फरक पारी खर्चः**<br><br>कुनै पनि कार्यक्रममा विनियोजन गरेको रकम उक्त शिर्षकमै खर्च गर्नुपर्ने र यदि रकमान्तर गर्नु पर्ने भएमा सो को सम्पूर्ण प्रक्रिया पुऱ्याएर मात्र खर्च गर्न पाउने व्यवस्था छ । तर गाउँपालिकाले रकमान्तर नगरी सशर्त चालुको ९५\|२०७९\|३\|२३ बाट दिवा खाजाको रकम रु २९१६५० शिक्षकको पारिश्रमिक भुक्तानी गरेकोले शिर्षक फरक पारी खर्च गरेको नियम सम्मत नदेखिएको रु | २९१,६५० |
| ५१ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले | ९६८,००० |

(Inner table within the first row:)

| **सि न** | **नाम** | **पद** | **भत्ता शिर्षक** | **रकम (मासिक)** | **जम्मा** |
|---|---|---|---|---|---|
| १ | सुरेन्द्र बस्नेत | डोजर अपरेटर | (खाना खाजा, आवास, सञ्चार, औषधि उपचार) भत्ता | ४७००० | ५६४०००\|०० |
| २ | नवराज के सी | सव ईन्जिनियर | स्थानिय भत्ता | ९६५० | ११५८००\|०० |
| ३ | सुरेश धराला | सव ईन्जिनियर | स्थानिय भत्ता | ९६५० | ११५८००\|०० |
| ४ | दुर्गा प्रसाद अधिकारी | कार्यालय सहयोगी | स्थानिय भत्ता | ५९१० | ७०९२०\|०० |
| **जम्मा** | | | | | **८६६५२०\|००** |

<table>
<tr><td></td><td></td><td></td><td>गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ९६८००० तलब भत्ता भुक्तानी गरेको छ । आन्तरिक श्रोतबाट राखिएका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट तलव भत्ता भुक्तानी गर्न नमिल्ने देखिएकोले उक्त रकम अनियमित देखिएको रु.....</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>स्थानीय तहमा जिविकोपार्जन कार्यक्रमः<br><br>……….. (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.७५००००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>कृषि कार्यक्रम तर्फः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने गरी निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ ।<br><br>
<table>
<tr><td>भौ. नं. मिति</td><td>विवरण</td><td>विउ विजनको मूल्य</td></tr>
<tr><td>सशर्तको ११।२०७८।१२।२८</td><td>रायो मार्फा १००० पिस, काउलि स्नोक्राउन ३०० पिस, बन्दा ग्रिन क्रोनेट ३०० पिस, क्यापसीकम ३५० पिस, मूला टोकनिसी १००० पिस र गाजर युकोरेडा</td><td>२३०६०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>१००० पिस</td><td></td></tr>
<tr><td>५२।२०७९।३।३०</td><td>फूजी स्याउ विरुवा खरिद</td><td>६०००००</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>२९०६०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>अनुदानको अनुगमन –<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु तर्फ विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु २९ लाख अनुदान खर्च लेखेकोमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>नभएको कामको रकम भुक्तानीः<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.२३०३०६।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दा परिच्छेद-३ (८) मा श्रममुलक आयोजनाको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा श्रावण महिना भित्र प्रविष्टि गर्ने, परिच्छेद-४ को (११) र (५) मा रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा हुनुपर्ने, परिच्छेद-३ (६) मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने र ज्याला वापतको रकम श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने तथा परिच्छेद-३ (४)(घ) मा स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रममा छनोट भएका १३ वटा कार्यक्रम सञ्चालनमा रु. ७८०६००० खर्च भएको छ । अनुसूची-३(५)</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>मा सुचिकृत बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था छ । तर पालिका अन्तर्गत छनौट भएका योजनामा अधिकतम दिन र न्यूनतम दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्तिले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । १३ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका ७३८ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । सुचिकृत भएका श्रमिकलाई पुरा एक सय दिन बराबरको रोजगार नदिएर सुचिकृत नभएका श्रमिकलाई रोजगार दिइ कार्यक्रम सम्पन्न गरेको देखिन्छ । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति -<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १२ वटा सामुदायिक विद्यालयहरुमा ३४ जना स्थायी शिक्षक रहेकोमा विद्यार्थीको संख्या ७३६ जना रहेको देखिन्छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>वेरितको कर बिजक:<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>शसर्तको २२।२०७९।३।२०</td><td>न्यू भेरी ईन्जिनियरिङ्ग वर्कसप</td><td>३०१२८५४४१</td><td>विल मा मिति नभएको</td><td>१२२९४५०.९६</td><td>१४१४४१.२६</td></tr>
</table></td><td>२१०,६८६.५८</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२४।२०७९।३।२०</td><td>शोली डुग्ड्रा कन्सट्रकसन</td><td>६१२६९५८७२</td><td>विलमा केरकार</td><td>६०२७७०.८१</td><td>६९२४५.३२</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१८३२२२१।७७</td><td>२१०६८६।५८</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.७६२७४ ।- सम्परीक्षण गरिएको । )
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>कार्यसम्पादन जमानत घटी कट्टिः<br><br>✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.१६७११९।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>मुल्य अभिबृद्धि करकट्टी<br><br>आर्थिक ऐन २०७६ को संसोधन सहितको व्यबस्था अनुसार सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गत सम्झौता अनुसारको भुक्तानी रकममा समावेश भएको मु.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शिर्षकमा जम्मा गर्नुपर्ने उल्लेख छ ।पालिकाले भुक्तानी गरेको निम्नानुसारको रकमको मु.अ.कर रकम नियमानुसार कट्टी नगरी सम्बन्धीत फर्मलाई भुक्तानी गरेको देखिएकोले उक्त मुअ कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा अशुल हुनुपर्ने रु
<table>
<tr><td>गो.भौ.न.मिति</td><td>भुक्तानी पाउने</td><td>पान न</td><td>भुक्तानी रकम</td><td>मु.अ.कर रकम</td><td>३०प्रतिशत रकम</td></tr>
<tr><td>२१।०७८।८।१५</td><td>समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा.लि. सानेपा ललितपुर</td><td>६०९५९९७०</td><td>४९३८१०</td><td>५६८१०</td><td>१७०४३</td></tr>
</table>
</td><td>१७,०४३</td></tr>
</table>

<table>
<tr><td>६१</td><td></td><td></td><td>बढी भुक्तानि<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.१४१२०।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>विल बेगर भुक्तानीः<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१५को निर्णयबाट रु.१०००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>निर्माण कार्यको विमाः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१)अनुसार खरिद सम्झौतामा अन्य व्यवस्था भएकोमा बाहेक रु.१० लाख रुपैयामा भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यबसायीले उक्त नियममा व्यबस्था भए बमोजिमको कुराको विमा गराउनुपर्ने उल्लेख छ ।पालिकाको विभिन्न निर्माण कार्यको निर्माण गर्न सम्झौता गर्ने निर्माण व्यबसायीहरुले रु १० लाख भन्दा बढी रकमको खरिद सम्झौता गरेको अवस्थामा नियमअनुसारको विमा गर्ने गरेको पाइयन यसरी विमा नगराउदा निर्माणका क्रममा हुने सामाग्री तथा जनशक्तिको क्षतिको क्षतिपुर्तिको क्रममा उक्त निर्माण कार्यमा अवरोध हुन सक्ने हुदा सम्झौताकै बखत नियमानुसार विमा गराउनु पर्ने व्यबस्थालाइ पालना गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>पेश्की बाकीः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फर्छ्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फर्छ्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु. पेश्की फर्छ्यौट नभई बाँकी रहेकोले नियमानुसार फर्छ्यौट हुनुपर्ने रु<table><tr><td>सि</td><td>पेश्की लिनेको</td><td>प्रयोजन</td><td>रकम</td></tr></table></td><td>२,५०६,७००</td></tr>
</table>

| न | नाम | | |
|---|---|---|---|
| क) ठेकेदार पेश्की | | | |
| १ | बुद्ध हिमाली कन्स्ट्रसन प्रा लि | स्वास्थ्य चौकी भवन निर्माण वडा न १ | २९०००० |
| | | | २९०००० |
| संस्थागत पेश्की | | | |
| १ | जेनेक्स इन्जिनियरिङ्ग सोलुसन्स प्रा लि | गाउँपालिकाको योजनाहरुको लागि आ इ इ | ४९८६१२ |
| २ | त्रिपुरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी | गाउँपालिकाको योजनाहरुको लागि आ इ इ | ४९९३१८ |
| ३ | फाईभ स्टार इन्जिनियरिङ्ग सर्भिसेस प्रा लि | गाउँपालिकाको योजनाहरुको लागि आ इ इ | ४८०२५० |
| जम्मा | | | १४७८१८० |
| उपभोक्ता पेश्की | | | |
| १ | कर्णाली नदी झोलुङ्गे पुल निर्माण उ स | झोलुङ्गे पुल साझेदारी कोष | १०२८५२० |

| | |
|---|---|
| जम्मा | १०२८५२० |

*(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्योंट भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.१२०००००।- सम्परीक्षण गरिएको । )*

६५

**ठेक्का सम्बन्धी विवरणः**

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ ।पालिकामा बोलपत्रको माध्मबाट सञ्चालित ठेक्काको विवरण निम्नअअनुसार रहेको छ ।

| क्र स | ठेक्का न | निर्माण सेवाको नाम | कामको विवरण | लागत अनुमान | समझौता अकं | भुक्तानी रकम | शुरु मिति | सम्पन्न मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | SPRM/MCB/DOP/WORKS/2078.079-01 | शेल्री डुग्ड्रा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | विद्यालय भवन | ९९७९६०५।०८ | ४२१५५४०५।०६ | | २०७८।११।०५ | २०७९।०३।२४ |
| २ | SPRM/MCB/DOP/WORKS/2078.079-02 | पेमा क्याराभान कन्स्ट्रक्सन | विद्यालय भवन | ९९७९६०५।०८ | ४३९५८२४।५१ | | २०७८।११।०५ | २०७९।०३।२० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एण्ड सप्लायर्स | | | | | | | |
| ३ | SPRM/MCB/DOP/WORKS/2078.079-03 | साकुरा शाही चादनी सजिवनी जेभी | साल्दाङ को सेला देखी भिजेर मोटरमाटो | २७६७०७८९।२० | १९९०९६२। | | २०७८।१२।१८ | २०७९।०३।१७ | |
| ४ | SPRM/MCB/DOP/WORKS/2078.079-04 | खड्का कृष्ण बुद्ध हिमाली जेभी | स्वास्थ्य भवन निर्माण | २१६२२९३५।२३ | १७५८८१९५।५० | ९४४९०००। | २०७८।१२।१८ | २०७९।०३।३२ | |
| ५ | SPRM/MCB/DOP/WORKS/2078.079-05 | शे साम्लिङ कन्स्ट्रक्सन | खानेपानी निर्माण | ३५००३१३।११ | २३७०६८६।३८ | २९३८३४७।७० | २०७९।०१।१३ | २०७९।०३।२५ | |
| ६ | SPRM/MCB/DOP/WORKS/2078.079-06 | कस्मीक सोलुसन प्रा लि | सोलार खरिद र जडान | ४७२८८८७।८१ | ३७६४५६९।५८ | ४०५०३४२। | २०७९।०१।१२ | २०७९।०३।२० | |
| ७ | SPRM/MCB/DOP/WORKS/2078.079-07 | साँके निर्माण तथा | शौचालय निर्माण | ९९९९५२४।०२ | ४२४९२६६।६३ | | २०७९।०३।०६ | २०७९।०३।३२ | |

| | | | | |
|---|---|---|---|---|
| | | | सप्लायर्स | |
| ६६ | | | **जनश्रमदान**<br><br>*........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.४८६३।- सम्परीक्षण गरिएको ।)* | ० |
| ६७ | | | **लागत सहभागिताः**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ६८ | | | **सामाजिक सुरक्षातर्फः**<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण नगरी हातहातै ३ वटै चौमासिकमा रु. २१०६८७८७ रकम वितरण गरेको देखियो । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गर्न तर्फ पालिकाले ध्यानदिनुपर्ने देखिएको छ। | |

६९

**बैंकिग प्रणालीमार्फत भुक्तानी गर्नुपर्नेः**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed)विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ ।

७०

बेरुजू लगत तथा सम्परीक्षणः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| २३५२९ | ०।०० | २३५२९ |

यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७६।७७ | ५४.१ | तोरासाँगु ट्रस ब्रिज पेश्की फस्यौंट | ० | ० | ० | १२००००० | १२००००० |
| २ | २०७७।७८ | ५९ | थोदुङ बुद्ध हिमाली कन्सट्रक्सन जे भी को म्याद ननाघेको पे फ | ० | ० | ० | २४००००० | २४००००० |
| ३ | २०७७।७८ | ५९ | बुद्ध हिमाली कन्सट्रक्सन प्रा लि को म्याद ननाघेको पे फ | ० | ० | ० | ९५०००० | ९५०००० |
| ४ | २०७७।७८ | ५९ | बुद्ध हिमाली कन्सट्रक्सन प्रा लि को म्याद ननाघेको पे फ | ० | ० | ० | १०००००० | १०००००० |
| ५ | २०७७।७८ | ५९ | क्याराभान बुद्ध हिमाली जे | ० | ० | ० | १८००००० | १८००००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | भी को म्याद ननाघेको पे फ | | | | | |
| ६ | २०७७।७८ | ३ | जिम्मेवारी वढी सारेको यकिन गरेको प्रमाण पेश | ० | १६६८५८८.८४ | ० | ० | १६६८५८८.८४ |
| ७ | २०७७।७८ | ३० | कर समायोजन पेश | ० | ७४३७६५ | ० | ० | ७४३७६५ |
| ८ | २०७७।७८ | ५९ र ४३.२ | आवश्यक प्रमाण पेश र पेश्की फर्स्यौट | ० | ० | ० | ५१६०७०० | ५१६०७०० |
| ९ | २०७७।७८ | ३२ | वितरण भर्पाइ पेश | ० | २०७५००० | ० | ० | २०७५००० |
| १० | २०७६।७७ | २७ | आवश्यक प्रमाण पेश | ० | ७८००० | ० | ० | ७८००० |
| ११ | २०७६।७७ | ५३.२ | सिल्पीङ व्यागको दाखिला पेश | ० | ४००००० | ० | ० | ४००००० |
| १२ | २०७६।७७ | २६.४ | सभाको निर्णय गरी | ० | ० | २०६५०० | ० | २०६५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नियमित | | | | | |
| जम्मा | | | | ० | ४९६५३५४ | २०६५०० | १२५१०७०० | १७६८२५५४ |